# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:10.07.2024**

***Vijay Diwas***

सत्तारूड़ सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पार्टीद्वारा चुनाउअघि गरिएका घोषणाहरू पालैसित पूरा गरिने प्रतिवध्दता वयक्त गर्नुभएको छ। उहाँले भन्नुभएको छ यसपालिको चुनाउअघि स्थायीकरण गरिएका सबै अस्थायी सरकारी कर्मचारीहरूको सामेल पत्र अर्थात जोइनिङ लेटर सबैलाई एकै मापदण्ड तय गरी आउँदो महीना पहिलो तारीक जारी गरिनेछ। श्री तामाङले भन्नुभएको छ कसैलाई पनि अन्याय हुन नदिनका लागि यस्तो निर्णय लिइएको हो। उहाँ आज गान्तोक जिल्ला अन्तर्गत अप्पर बुर्तक समस्टिको रेशीयथाङ खेलगाउँमा आयोजित विजय उत्सव कार्यक्रमलाई मुख्यअतिथिको रूपमा सम्वोधन गर्दैहुनुहुन्थ्यो। श्री तामङले भन्नुभयो दोस्रो कार्यकालमा SKM पार्टीको सरकारले पर्यावरण संरक्षण, शिक्षा, स्वास्थ्य र अन्य महत्वपूर्ण क्षेत्रहरूमा काम गर्नेछ। बुर्तुक क्षेत्रको विकास गर्न कुरो बताउँदै मुख्यमन्त्रीले क्षेत्रको कुनै नयाँ ठाउँमा बुर्तुक कालेजको अत्याधुनिक क्याम्पस निर्माणका साथै सरकारी मेडिकल कालेज निर्माण गर्ने घेषणा गर्नुभयो। आफ्नो वक्तव्यमा क्षेत्रविधायक श्रीमती कला राईले क्षेत्रवासीको पक्षवाट विभिन्न माँगहरू प्रस्तुत गर्नुभयो। श्री तामाङले यी मांगहरू पूरा गर्ने आश्वासन दिनुभएको छ।

***Lamtha Joined SKM***

एघारौं सिक्किम विधानसभामा चुनाउमा स्यारी निर्वाचन क्षेत्रवाट विजयी हुने सिक्किम प्रजातान्त्रिक मोर्चाका एकमात्र विधायक श्री तेञ्जिङ नर्बु लाम्था सिक्किम क्रान्तिकारी मोर्चा, SKM पार्टीमा सामेल हुनुभएको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित आज भेट गरेपछि उहाँ आधिकारिक तवरमा SKM मा सामेल हुनुभयो। भेटघाटका बेला श्री लाम्थाले आफ्नो निर्वाचन क्षेत्रका प्रमुख मुद्दाहरू उठाउनुभयो। मुख्यमन्त्रीले यसको प्रशंसा गर्नुभएको छ। श्री तामाङले स्यारी निर्वाचन क्षेत्रको विकासका लागि सहयोगको महत्वमाथि जोड़ दिनुभयो र स्थानीय मुद्दाहरूका समाधानको दिशामा सहयोग गर्ने आश्वासन दिनुभयो। श्री लाम्था सिक्किम क्रान्तिकारी मोर्चामा सामेल हुनका साथै अब राज्यका बत्तीसै विधानसभा सीटहरूमा SKM पार्टी नियन्त्रण रहेको छ र यसद्वारा सत्ताधारी पार्टीको राजनीतिक प्रभाव बलियो भएको छ।

***Meeting MOHUA***

पूर्वोत्तर क्षेत्रहरूमा आवास तथा शहरी मामिला मन्त्रालय अन्तर्गत विभिन्न केन्द्रीय योजनाहरूको कार्यान्वयनमा देखा पर्ने चुनौतीहरू र अरू मामिलाहरूवारे चर्चा गर्न गुवाहाटीमा हिजो उच्च स्तरीय बैठक आयोजन गरियो। केन्द्रीय आवास तथा शहरी मामिला मन्त्री श्री मनोहरलाल खटरले अध्यक्षता गर्नुभएको बैठकमा राज्य मन्त्रीहरू केन्द्र सरकारका वरिस्ट अधिकारीगण र पूर्वोत्तर राज्यहरूका सचिवहरू उपस्थित थिए। यसमा सिक्किमको प्रतिनिधित्व गर्दै शहरी विकास विभागका सचिव श्री एम. टी शेर्पाले स्मार्ट शहर मिशन- गान्तोक र नाम्ची, प्रधानमन्त्री आवास योजना, amrut, र स्वच्छ भारत मिशन शहरी जस्ता योजनाहरूको कार्यान्वयनमा राज्यले सामना गर्नु परेको चुनौती र प्रगतिवारे जानकारी दिनुभयो। श्री शेर्पाले टिस्टाको किनारमा भएका बजारहरूमा भलपैहोले गर्दा भएको क्षति सम्वन्धी मामिलावारे अवगत गराउनुभयो र यसको समाधान गर्नमा हस्तक्षेपको आग्रह गर्नुभयो। केन्द्रीय मन्त्रीले क्षेत्रीय चुनौतीहरूको समाधान गर्नका लागि परियोजना समयमा पूरा गर्नुपर्ने र केन्द्र राज्यवीच सहयोग तथा समन्वय हुनुपर्ने खाँचोमाथि जोड़ दिनुभयो। राज्यहरूलाई मन्त्रालयको तर्फवाट पूर्ण सहयोग गर्ने आश्वासन दिंदै केन्द्रवाट प्राप्त भएको कोषको प्रयोग प्रभावी रूपमा गर्ने आग्रह गर्नुभएको छ।

***Meeting Swadesh Darshan***

स्वदेश दर्शन टू पोइन्ट जिरोको छैटौं गन्तव्य स्थल प्रवन्धन समितिको एउटा बैठक केन्द्रमा आज बस्यो। बताइन्छ पर्यटन पूर्वाधारको विकास र स्थानीय अर्थव्यवस्था बढ़ाउनमा स्वदेश दर्शन टू पोइन्ट जिरो योजना महत्वपूर्ण छ। बैठकको अध्यक्षता गर्दै जिल्लाधीश श्री तुषार निखरेले पर्यटक गन्तव्य स्थलहरूमा पुग्ने व्यवस्थामा सुधार ल्याउन र पर्यटन मैत्री बनाउनका लागि स्वच्छता र सम्पर्क व्यवस्था जस्ता मूलभूत पूर्वाधारमा सुधारलाई प्राथमिकता दिने परामर्श दिनुभयो। उहाँले पर्यटकहरूलाई आकर्षित गर्न नवोन्मेषी नीतिहरूको प्रस्ताव राख्नुभयो। यस अवसरमा गान्तोक जिल्लामा ढिगो पर्यटनका लागि जिल्ला आपदा प्रवन्धन प्राधिकरणका विभिन्न क्रियाकलापहरूवारे पनि अवगत गराइयो।

***Mountaineering Expedition***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज विहान मिन्तोगाङवाट मारर्खा घाटी, लेह, लद्दाखमा अवस्थित काङ यात्सो पर्वतको शिखर एक र दुई सम्मको पर्वतारोहण अभियानलाई झण्डी हल्लाएर प्रस्थान गर्नुभयो। भारतीय हिमालयी साहसिक तथा पर्यापर्यटन केन्द्र चेम्चेद्वारा आयोजित महीनाब्यापी अभियान हो। यसको उद्देश्य साहस र प्रतिवध्दता काङ यात्से पर्वतको शिखरमा पुग्नु रहेको छ। दस सदस्यीय टोलीको नेतृत्व राजीव राई र शान्ति राईले गरिरहेछन्। यस अवसरमा पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री छिरिङ थेण्डुप भुटिया र अन्य अधिकारीहरूको उपस्थिती थियो।